**सूर्योदय नगरपालिकाको करार सेवामा स्वयंसेवक शिक्षक नियुक्ति तथा परिचालन(प्रथम संशोधन) कार्यविधि, २०८०**

कार्यपालिकाबाट स्वीकृत मिति- २०८०।१२।१२ गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको करार सेवामा स्वयंसेवक शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाइ लागू गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम **सूर्योदय नगरपालिकाको करार सेवामा स्वयंसेवक शिक्षक नियुक्ति तथा परिचालन (प्रथम संशोधन) कार्यविधि, २०८०**हुनेछ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई राजपत्रमा प्रकाशन भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल कार्यविधि" भन्नाले " सूर्योदय नगरपालिकाको करार सेवामा स्वयंसेवक शिक्षक नियुक्ति तथा परिचालन कार्यविधि, २०७९" लाई सम्झनुपर्छ।

**३. मूल कार्यविधिको दफा ४ मा संशोधन:**

(१) मूल कार्यविधिको दफा ४ को उपदफा (१)को खण्ड क) को सट्टा देहाय बमोजिमको खण्ड क) राखिएको छ :

क) सामुदायिक विद्यालयले देहायको अवस्थामा स्वयम् सेवक शिक्षक माग गरी शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनुपर्नेछ।

(अ) बाल कक्षा, प्राथमिक, निम्न माध्यमिक र माध्यमिक (९-१० र ९-१२) तहमा गणित, विज्ञान र अङ्ग्रेजी र अन्य आवश्यक विषयको दरवन्दी रिक्त भै एक महिना भन्दा बढी समयसम्म शिक्षक नियुक्त हुन नसक्ने भएमा,

(आ) विद्यालयमा कुनै विषयको दरवन्दी नभएर शिक्षक आवश्यक भएमा,

(इ) विद्यार्थीको चाप आवश्यक भन्दा बढी भएमा,

(ई) कुनै महिला शिक्षक सुत्केरी विदामा बसेमा वा कुनै शिक्षक एक महिनाभन्दा बढि समयको लागि विदामा वसेमा।

(२) मूल कार्यविधिको दफा ४ को उपदफा (१) को खण्ड छ) पछि देहाय बमोजिमको खण्ड ज) थप गरिएको छ।

ज) यस दफामा जुनसुकै व्यवस्था भएतापनी खण्ड क) (ई) को कारण रिक्त रहेको शिक्षकको स्थानमा दफा ५ बमोजिमको छनौट तथा सिफारिस समितिको स्वीकृतिमा सम्बन्धित विद्यालयले तत्काल सूचना प्रकाशन गरी यस कार्यविधि बमोजिम योग्यता पुगेको उम्मेद्वारलाई स्वयम् सेवक शिक्षकमा नियुक्त गर्न सक्नेछ।